# नेपाल राष्ट्र बैंक

प्रेस समाचार

## गभर्नर डा. नेपाल ५४ औं सिसन गभर्नर्स सम्मेलन र ३८ औं सिसन बोर्ड बैठकमा भाग लिन श्रीलंका प्रस्थान

गभर्नर डा. चिरंजीबि नेपाल श्रीलंकाको राजधानी कोलोम्बोमा २०७५ मंसिर १३ देखि १६ (2018 November 29 - December 2) सम्म आयोजना हुने दक्षिण पूर्वी एसियाली केन्द्रीय बैंकहरूको अनुसन्धान तथा तालिम केन्द्र (The South East Asian Central Banks (SEACEN) Research and Training Centre) को ५४ औं गभर्नर्स सम्मेलन तथा ३८ औं बोर्ड अफ गभर्नर्स बैठकमा भाग लिन २०७५ मंसिर १२ गते त्यसतर्फ प्रस्थान गर्नुभयो ।

उक्त सम्मेलनको मुख्य विषय Monetary Policy in a Rapidly Evolving Environment रहेको छ । सम्मेलनमा दक्षिण पूर्वी एसिया क्षेत्रका १९ देशका केन्द्रीय बैंकका गभर्नरहरूबीच सम्मेलनको मुख्य विषय उपर गहन छलफल हुने कार्यक्रम रहेको छ । उक्त सम्मेलनमा Central Bank Degital Currencies, Inflation in Emerging Economies, Central Banking Challenges in Small Economies लगायतका विषयमा पनि छलफल हुने कार्यक्रम रहेको छ ।

प्रत्येक वर्ष आयोजना हुने सिसन गभर्नर्स सम्मेलन तथा बोर्ड अफ गभर्नर्स बैठकमा सो क्षेत्रका मुलुकहरूको केन्द्रीय बैंकका गभर्नरहरूबीच क्षेत्रीय तथा आ-आफ्नो मुलुकको आर्थिक गतिविधिका साथै द्विपक्षीय हितका विषयमा छलफल हुने र यस्ता विषयहरूमा देखा परेका समस्याहरूको पहिचान गरी समाधानका उपायहरू अवलम्बन गर्ने परम्परा रही आएको छ ।

मितिः २०७५।८।१२

गभर्नरको कार्यालय